नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई
Health Emergency and Disaster Management Unit (HEDMU)
स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र
Health Emergency Operation Center (HEOC)

फोन ०१-४२५०८४५
फ्याक्स ०१-४२५०८४२
रामशाहपथ ,काठमाडौं

पत्र संख्या: ०७७ /७८
च.नं. ६९२

मिति : २०७७/०८/०३

श्री कोभिड १९ अस्पताल सवै,

**विषय : कोभिड १९ संक्रमितहरुको नि:शुल्क उपचार सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा नेपाल सरकारको निर्णय अनुसार "कोरोना भाईरस (कोभिड १९) को संक्रमणको उपचार वापत अस्पताललाई अनुदान उपलव्ध गराउने सम्वन्धी आदेश, २०७७" परिमार्जन भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड उपचारका लागि सूचिकृत अस्पतालहरुलाई कोभिड १९ का लक्षण वा चिन्ह देखिएका व्यक्तिहरुको परीक्षण र उपचार नि:शुल्क (तर कोरोना बिमा गरेकाको हकमा बीमा रकमबाट र सक्षम, इच्छुक र योगदान गर्न चाहनेले योगदान गर्न सक्ने) गर्ने भनी परिपत्र तथा सार्वजनिक सूचना समेत जारी गरिएको भए पनि केही अस्पतालहरुले यस अनुसार नगरेको भनी जनगुनासोहरु आईरहेकोमा सम्वन्धित सवै अस्पतालहरुमा यसै अनुसार नि:शुल्क उपचार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ । यस अनुसार नि:शुल्क उपचार गर्ने अस्पतालहरुलाई नियमानुसार शोधभर्ना रकम उपलव्ध गराइने र यस विपरित गर्ने अस्पतालहरुलाई नियमानुसार कारवाही समेत गरिने व्यहोरा सम्वन्धित सवैमा जानकारी गराईन्छ ।

...........................
डा.समिरकुमार अधिकारी
प्रमुख HEOC